अनुसूची-१६
(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री बगाले सामुदायिक वन उपभोक्ता समूह

## सरुमारानी गाउँपालिका वडा नं.-२, प्युठान

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धीको विस्तृत सूचना

प्रथम पटक सूचना प्रकाशन मिति २०८३।०४।२५

यस सामुदायिक वन उपभोक्ता समूहले आ.व. ०८२/८३ मा समूहको स्वीकृत वन कार्ययोजना अनुसार कटान मुछान गरि उत्पादन भएका सामुदायिक वनको १४ नम्बर (काइगेबाल ख.व.म. टि. घ. का. नजिक) स्थलमा घाटगद्दी गरी राखेको तपसिल बमोजिमका वन पैदावारहरु श्री डिभिजन वन कार्यालय प्युठानको च.नं. ४६, मिती २०८३।०४।२० गतेको लिलाम सहमती प्राप्त भएकोले जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका उद्योगी, काठको कारोबार गर्ने सूचिकृत फर्महरुले यो सूचना मिति २०८३/०४/२५ गतेको नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिन भित्र कार्यालय समयमा यस समूहको कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ

तपसिल

१. लिलाम सम्बन्धि वन पैदावारको विवरण

| लट नं. | जात | ग्रेड | गोलिया थान | इकाई (घ.फि.) | परिमाण | जम्मा न्यूनतम मुल्य प्रति क्यू फिट रु. |
|---|---|---|---|---|---|---|
| १/२०८२-०८३ | असना | A | ५५ | क्यु. फि | १८३.८२ | ३१३५२८ |
| | | B | ५५ | | ४८०.६७ | १४४२०१ |
| | | C | १६० | | ७६०.१० | ७६०१० |
| | जम्मा | | २७० | | २२२४.५९ | ६१३७३९ |
| | साल | | दाउरा | चट्टा | ३ | ३६००० |
| | मिश्रित साल बाहेक | | | | १ | ३६००० |
| | कुल जम्मा (काठ र दाउरा) | | | | | ६८५७३९ |

ख) खरिद मिति २०८३/०५/१४ कार्यालय समयभित्र

ग) दाखिला मिति २०८३/०५/१५ गते दिनको १.०० बजे

घ) बोलपत्र खोल्ने २०८३/०५/१५ दिनको २.०० बजे

*नोट:- १. बोलपत्र दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा बिदाको भोलिपल्ट दाखिला र खोलिनेछ।*

२. बोलपत्रसाथ कबुल गरेको रकमको १०%(प्रतिशत) ले हुन आउने रकम बोलपत्र खरिद गरेको वन उपभोक्ता समुहको नेपाल बैंक लिमिटेड खलंगा शाखा प्युठानमा रहेको यस समूहको खाता नं. ०५२००१००७५१८६५००००१ (BAGALE.SHA. BA. U. SHA.) मा दाखिला गरेको नगद जम्मा गरेको सक्कल बैंक भौचर समावेश भएको हुनुपर्नेछ वा बैंक ग्यारेन्टी समावेश गर्न सकिनेछ। अन्यथा बोलपत्र मूल्याँकनमा समावेश गरिने छैन।

३. सकारकर्ताले सकार रकममा संकलन खर्च बोलपत्रमा उल्लेख भए बमोजिम थप बुझाउनु पर्नेछ।

४. बोलपत्र दाखिला गर्दा काठ दाउरामा आधारित संचालनमा रहेको उधमको डिभिजन वन कार्यालयमा सूचीदर्ता प्रमाणपत्रको प्रतिलिपी, वन पैदावार कारोबार दर्ता प्रमाण पत्र, कारोबारको पान/भ्याट दर्ता तथा नविकरण, करचुक्ता प्रमाण पत्र (नयाँको हकमा करचुक्ता नपर्ने) को प्रतिलिपीको साथमा

५. लिलाम बढावढ हुने वन पैदावार कार्यालय समय भित्र घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ र सकार कर्ताले मालवस्तु जे जो अवस्थामा छ, सोही अवस्थामा उठाई लैजानु पर्नेछ।

६. रित पूर्वक पर्न आएका, दाखिला भएका बोलपत्रहरू यस उपभोक्ता समूहको कार्यालयमा सब डिभिजन वन कार्यालय, स्थानीय तह तथा अन्य सरकारी कार्यालयको रोहबरमा खोलिने छ। बोलपत्र खोलिने दिन सकार कर्ताहरू उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्य रोकिने छैन।

७. खोलिएका बोलपत्रहरु नियम अनुसार मूल्याँकन गरी लिलाम स्वीकृत भई डि. व .का. प्युठानबाट समर्थन प्राप्त भए पश्चात सोको जानकारी सम्बन्धित पक्षले सकार रकम, मूल्य अभिवृद्धि कर तथा संकलन खर्च ४५ दिन भित्र दाखिला गरी माल वस्तु उठाई लैजानु पर्ने छ अन्यथा नियम अनुसार हुनेछ।

८. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्ने छ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

९. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार सामुदायिक वन उपभोक्ता समूहलाई हुनेछ।

१०. थप जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ।

CamScanner

# श्री बगाले सामुदायिक वन उपभोक्ता समूह

सरुमारानी गाउँपालिका वडा नं.-२, प्युठान

# काठ/दाउराको बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

प्रथम पटक सूचना प्रकाशन मिति : २०८३।०४।२५

यस सामुदायिक वन उपभोक्ता समूहले आ.व. ०८२/८३ मा समूहको स्वीकृत वन कार्ययोजना अनुसार कटान मुछान गरी उत्पादन भएका सामुदायिक वनको १४ नम्वर (स.डि.व.का. दर्भान नजिक) घाटगद्दी स्थलमा घाटगद्दी गरी राखेको असना जातको गोलिया थान २७० को २२२४.५९ क्यु.फिट. र दाउरा १२ चट्टा (साल ३ चट्टा र अन्य/मिश्रित ९ चट्टा) जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले या सूचना प्रकाशित गरिएको छ। इच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्न अनुमति प्राप्त गरी सञ्चालनमा रहेका उद्यमी/काष्ठको कारोवार गर्ने सूचीकृत फर्महरुले यो सूचना मिति २०८३/०४/२५ गते नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिनभित्र लट न १ को गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीका लागि यस सामुदायिक वनको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ।

**अध्यक्ष**

नयाँ युगबोध प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, संस्थापक एवं सल्लाहकार : नारायणप्रसाद शर्मा,
मुद्रक : प्रतिभा अफसेट प्रेस, कार्यालय: घोराही दाङ, लुम्बिनी प्रदेश, नेपाल फोन : ०८२-५६००८४, ५६१३०३,

CamScanner